## शिलबन्दी प्रस्ताव आह्वानको सूचना

### प्रथम पटक प्रकाशित मितिः २०८२।०८।२६ गते शुक्रबार

यस यातायात व्यवस्था कार्यालय, बालाजु, काठमाडौबाट सञ्चालन गर्न लागिएको दुई पाङ्ग्रे वर्ग 'क' (मोटरसाईकल, स्कुटर र मोपेड), चार पाङ्ग्रे वर्ग 'ख' (कार, जिप, डेलिभरी भ्यान) र ठूला तथा मझौला सवारी वर्ग 'ग' (मिनि बस, मिनि ट्रक, ट्रक, बस र लरी) साधनको सवारी चालक अनुमतिपत्रको परीक्षाका लागि आवश्यक पर्ने लिखित तथा प्रयोगात्मक परीक्षास्थल र सवारी साधनहरुको प्रयोग बापतको शुल्क/दस्तुर लिई सेवा उपलब्ध गराउने शर्तमा प्रचलित कानून बमोजिम सम्बन्धित संस्थाबाट सवारीचालक प्रशिक्षण केन्द्र सञ्चालनको लागि इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्रति सेवाग्राही के कति दर रेटमा सवारी साधन सहित प्रयोगात्मक परीक्षा स्थल उपलब्ध गराउन सकिन्छ सो खुलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र प्राप्त गरि प्राविधिक तथा आर्थिक प्रस्ताव फारामहरु(छुट्टा-छुट्टै खाम बन्दी गरी दुबै खाम मुल खाममा बन्दगरी लाहाछाप लगाई वा शिलबन्दी गरी) यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १६ औ दिनको अपरान्ह १.०० बजे भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र. स. | ठेक्का नं. | सवारी चालक अनुमतिपत्रको वर्ग | प्रस्ताव गर्न पाउने अधिकतम सिमा (मु. अ. कर समेत) | कैफियत |
|---|---|---|---|---|
| १. | TMOBALAJU ०१/०८२/८३ | A- Motorcycle, K-Scooter, Moped, K- Scooter, Moped | रू. २३८।६२ | दुई पाङ्ग्रे वर्ग 'क' |
| | | B-Car, Jeep, Delivery Van | रू. ४०९।६० | चारपाङ्ग्रे वर्ग 'ख' |
| | | F-Minibus, Minitruck | रू. ५६२।०० | चारपाङ्ग्रे वर्ग 'ग' |
| | | G-Truck, Bus, Lorry | रू. ५६२।०० | |

सेवाका शर्तहरुः

१. प्रयोगात्मक परीक्षा स्थलको मापदण्ड, विस्तृत विवरण तथा अन्य शर्तहरु प्रस्ताव फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

२. प्रयोगात्मक परीक्षास्थलको मापदण्ड "सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४" , "सवारी चालक अनुमती पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७" साथै बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको "सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनौट तथा सञ्चालन)कार्यविधि, २०७८" मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

३. प्रस्ताव फाराम यस कार्यालयको प्रशासन शाखाबाट रु. ३,०००।०० (अक्षरेपीः तीन हजार मात्र) यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजश्व खाता नं. १०००१००२०००१०००० मा जम्मा गरी सक्कलै बैंक भौचर बुझाई प्राप्त गर्न सकिनेछ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय
बागमती प्रदेश सरकार
यातायात व्यवस्था कार्यालय
बालाजु, काठमाडौं

४. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलबन्दी गरी दुबै प्रस्तावहरु पुनः एउटै मूल खाममा शिलबन्दी गरी पेश गर्नुपर्नेछ।

५. प्राविधिक तथा आर्थिक प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्मको कार्यालय समयभित्र यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ र १६ औं दिनको अपरान्ह ०१:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । सोही दिन अपराह्न ०३:०० बजे प्राविधिक प्रस्ताव खोलिनेछ ।

६. प्राविधिक तथा आर्थिक प्रस्ताव खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सार्वजनिक विदाको भोलिपल्ट खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन कायम हुनेछ ।

७. प्राविधिक प्रस्तावको मूल्याङ्कन गरी सो प्राविधिक प्रस्तावमा सफल भएका प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

८. पेश हुन आएका प्राविधिक तथा आर्थिक प्रस्ताव निधारित समयमा कार्यालयका प्रतिनिधि र प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । साथै प्रस्ताव खोलिने दिन प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएपनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

९. प्रस्तावदाताले प्रस्तावसाथ प्रचलित नियमानुसार दर्ता भई सञ्चालनमा रहेका व्यक्ति, फर्म, कम्पनी वा संस्था दर्ताको अद्यावधिक (प्रमाणपत्र यातायात व्यवस्था सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण-पत्र), सम्बन्धीत स्थानीय तहमा व्यवसाय दर्ता गरेको अद्यावधिक प्रमाणपत्र, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको अद्यावधिक प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र पछिल्लो आ. व. सम्मको करचुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथै प्राविधिक तथा आर्थिक प्रस्तावमा तोकिएका अन्य कागजात समेत पेश गर्नुपर्नेछ ।

१०. यस प्रस्तावमा सहभागि हुने प्रस्तावदाता व्यक्ति, फर्म, कम्पनी वा संस्थाको "वर्ग "क" (दुई पाङ्ग्रे), वर्ग "ख" (चार पाङ्ग्रे) र वर्ग "ग" (मझौला तथा ठूला)" सवारीको प्रयोगात्मक परीक्षास्थल(Trial Spot), लिखित परीक्षा हल, चमेना गृह एउटै कम्पाउण्ड/पर्खाल वा तारबार भित्र भएको हुनुपर्नेछ ।

११. वर्ग 'क' (दुई पाङ्ग्रे), वर्ग 'ख' (चार पाङ्ग्रे) र वर्ग 'ग' (ठूला तथा मझौला) सवारीको लागि प्रयोगात्मक परीक्षा एकै स्थलमा हुनुपर्नेछ। वर्ग 'क', 'ख' र 'ग' को प्रयोगात्मक परीक्षा एकै परीक्षास्थलबाट सञ्चालन गर्ने गरी दर्ता भएको हुनु पर्नेछ र उक्त प्रशिक्षण केन्द्रको दर्ता प्रथम पटक प्रकाशित सूचनाको अन्तिम दिन सम्म भईसकेको हुनुपर्नेछ ।

१२. प्रस्तावदाताहरुले यस प्रस्तावमा सहभागिता जनाउनको लागि अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसायमा सम्बन्धित कसुरमा सजाय नभएको भनि स्वघोषणा पत्र संलग्न गर्नुपर्नेछ ।

१३. प्रयोगात्मक परीक्षास्थल काठमाडौंको बालाजु चोकबाट ५(पाँच) किलोमिटर चक्रपथ(Ring-road) भित्र वा बाहिरको दुरीमा रहनु पर्नेछ ।

१४. प्रस्तावदाताले लिखित परीक्षाको लागि कम्तिमा एक पटकमा एक सय जना परीक्षार्थी सहभागी भई लिखित परीक्षा सञ्चालन गर्न सक्ने क्षमताको परीक्षाहल प्रयोगात्मक प्रशिक्षण केन्द्र परिसरभित्रै उपलब्ध भएको हुनुपर्नेछ ।

१५. कुनै शर्त राखि पेश गरेको प्रस्ताव मान्य हुने छैन ।

१६. प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम निर्णय कार्यालयमा निहित रहने छ ।

१७. सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

१८. यो सूचना बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय, हटौडाको आधिकारिक वेबसाईट https://molet.bagamati.gov.np/ मा समेत हेर्न सकिने छ ।

**प्रयोगात्मक परीक्षाको लागि हुनुपर्ने सवारी साधन तर्फ :-**

१. वर्ग 'क' (दुई पाङ्ग्रे) र वर्ग 'ख' (चारपाङ्ग्रे सवारी) साधन सन् २०१९ वा सो भन्दा पछाडीको मोडलको हुनुपर्नेछ । वर्ग 'ग' (मझौला तथा ठूला सवारी ) साधन १० वर्ष पुरानो प्रयोग गर्न पाईने छैन ।

२. दुई पाङ्ग्रे सवारी साधन मोटरसाईकल कम्तिमा ९५ सि. सि. क्षमता वा सो भन्दा माथिका ६(छ) थान र स्कुटर कम्तिमा ९५ सि. सि. वा सो भन्दा माथिको क्षमताका ६ (छ) थान, चार पाङ्ग्रे साना सवारी साधन कार, जिप, डेलिभरी भ्यान कम्तिमा ७५० सि. सि. क्षमताका ५(पाँच)थान उपलब्ध गराउनु पर्ने छ ।

३. चारपाङ्ग्रे सवारी साधन वर्ग 'ग' (मझौला तथा ठूला) कार्यालयले तोकेको मिति, दिन र समयमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ ।

४. प्रयोगात्मक परीक्षाको लागि प्रयोग हुने सवारीको सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक)को प्रतिलिपि, कम्तिमा अवधि सहितको तेस्रो पक्ष बिमा साथै प्रचलित कानून बमोजिमको सवारी साधनको कर तथा नविकरण गरेको सवारी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्ने छ ।

**नोट**: सम्बन्धित व्यक्ति, फर्म, कम्पनि वा संस्थाले यस खरिद सम्बन्धि कार्य गर्नका लागि जिम्मेवारी तोकिएको प्रतिनिधिलाई दिइएको अख्तियारी पत्र समेत संलग्न गर्नु पर्नेछ ।

कार्यालय प्रमुख
यातायात व्यवस्था कार्यालय, बालाजु, काठमाडौं